# छैठौँ गाउँ सभामा प्रस्तुत आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम

## केराबारी गाउँपालिका,

केराबारी¸मोरङ

१ नं. प्रदेश¸ नेपाल

१० आषाढ, २०७७

केराबारी गाउँपालिकाको छैठौँ गाउँसभाका अध्यक्ष ज्यू ।
संपुर्ण सभा सदस्य ज्यूहरु ।
तथा सभाका सचिवज्यू ।

यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको स्वतन्त्रता तथा अमनचयन प्राप्तिका लागि बिभिन्न कालखण्डमा आफ्नो प्राण आहुती गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै घाइते र वेपता नागरिकहरु प्रती सम्मान प्रकट गर्दछु । राजनैतिक सामाजिक परिर्वतनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सबै अग्रजहरु प्रति आदरभाव प्रकट गर्दछु ।

स्थानीय सरकारका रुपमा यो नीति तथा कार्याक्रम प्रस्तुत गरिरहदा नेपालको संविधान, स्थानिय सरकार सन्चालन ऐन, २०७४ संघीय सरकारको आ.व. २०७७/७८ को वजेटका सिद्वान्त र उद्देश्य, दिगो विकासका लक्ष्य, पन्ध्रौ योजना जस्ता विषयहरुको सैद्वान्तिक र व्यवहारिक पक्षहरु र प्रदेश सरकारका नीति तथा कार्याक्रममा जोड दिदै समृद्व नेपाल र सुखि नेपालीको मुलभुत मान्यतालाई आत्मसात गरिएको छ ।

आ.व. २०७६/७७ को स्विकृत बजेट कार्यान्वयनका सिलसिलामा देखिएका कठिनाइहरु लाइ आगामी आ.व.मा सुधार गर्दै लगिनेछ साथै कोरोनाको कहरका विच पनि आ.व. २०७६/७७ को नीति तथा कार्याक्रम र बजेटवाट सार्थक नतिजा प्राप्त गर्न सफल भएको कार्यान्वयनको संयन्त्रलाइ सवल, सन्तुलित, दिगो वनाउदै लगिनेछ।

स्थानीय सरकारको छैठौँ गाउँ सभामा नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउदा गौरावान्वित भएको छु । गाउँबासी सम्पूर्ण आमाबुबा, दाजुभाई, दिदीबहिनीहरुको बिश्वास, भरोसा र आसा अपेक्षालाई सार्थकता तथा पूर्णता दिन कोभिड-१९ को प्रभाव रहेता पनि सिंगो कार्यपालिका प्रयत्नशिल रहेको छ र पाँच वर्ष भित्रमा सोचे वमोजिम उल्लेखनिय उपलब्धी हात पर्नेमा विश्वस्त गराउन चाहान्छु । सिमित साधन श्रोतको अधिकतम परिचालन गरी विकास प्रयासलाई सार्थकता दिने क्रममा अहोरात्र लागी परेका हुँदा सम्पूर्ण गाउँबासीहरुमा रचनात्मक सुझाव, सकरात्मक सोंच राखी सहयोग गरिदिन हुन हार्दिक अनुरोध गर्दछु ।

गाउँसभाका अध्यक्ष ज्यु तथा सदस्यज्यूहरु,

यस गाउँपालिकाको दिर्घकालिन सोंच (Vision), लक्ष्य (Goal) र उदेश्यहरु (Objective) देहाय बमोजिम रहेको छ ।

**<u>सोंच</u>** : पूर्वाधारमैत्री लगानी, समृद्वी र स्वरोजगार उन्मुख गाउँपालिका ।

**<u>लक्ष्य</u>** : कोभिड १९ कोमहामारीवाट वाट वच्न अपनाउनुपर्ने संपुर्ण उपाय अवलम्वन गरेर भौतिक, सामाजिक आर्थिक स्तरोन्नती गरी नागरिकलाइ स्वरोजगार उन्मुख वनाएर मानव विकासको अवस्था अभिवृद्वि मार्फत प्रदेश नं १ का स्थानिय तहहरुमध्ये केराबारी गाउँपालिकाको प्रगति दर उच्च वनाउने लक्ष्य रहेको छ ।

**उदेश्य** :

१. कोभिड – १९ को प्रभावले वढाएको वेरोजगारीलाइ मध्यनजर गर्दै अधिकतम रोजगारी सिर्जना हुने गरि पुर्वाधार निर्माण र समावेसी तवरवाट उत्पादनमुखि क्रियाकलाप मा वृद्धि गरि गाउँपालिकाको समृद्धिको आधार निर्माण गर्नु ।

२. आर्थिक विकासका क्षेत्रहरुलाइ आधुनिकिकरण र सवलिकरण गरि मजवुत वनाउँदै स्वरोजगार उन्मुख केरावारी निर्माण गर्नु।

३. कोभिड -१९ को समस्या सम्वोधन हुने गरि गुणस्तरिय स्वास्थ्य सुविधा साथै शिक्षामा सवैको पहुच स्थापना गर्न वैकल्पिक विधिको प्रयोगवाट सामुदायिक विद्यालयलाइ प्रतिस्पर्धि वनाउनु ।

४. सामाजिक न्याय र समावेशिताका आधारमा विकास निर्माण र सेवा प्रवाह साथै वडा कार्यालयमार्फत बिधुतिय शुसासनमा अभिवृद्धि गरी जनतालाइ सन्निकट राज्यको अनुभुति दिलाउनु ।

**रणनीति**

१. प्राकृतिक स्रोतको संरक्षण र सदुपयोग, रोजगारमैत्री पुर्वाधार विकासका साथै राजश्वको दायरा विस्तार गरि रोजगारमुलक आर्थिक वृद्धि गर्ने,

२. कोभिड १९ लाइ लक्षित गरि सुलभ र गुणस्तरिय स्वास्थ्य सेवा, प्रविधिमैत्री र गुणस्तरिय शिक्षाको सुनिस्चितता गर्ने ।

३. कृषिमा आधुनिक प्रविधिको प्रयोग गरि प्रतिव्यक्ति उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

४. आयमुलक तथा स्वरोजगारमुलक कार्याक्रममार्फत केराबारीवासिको जीवनस्तर अभिवृद्धि गर्ने ।

५. सामाजिक न्याय र समावेशिता सहितको विकासको सुनिस्चिता गर्ने साथै दिगो र उत्पादनसिल सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने ।

६. वडा तथा पालिकास्तरमा रहेका विपद ब्यवस्थापन समितिलाई सक्रिय बनाउने ।

७. छिमेकी गाउँपालिकाहरु सँग आपसी चासोका आधारमा साझेदारी अभिवृद्धि गर्ने ।

८. संघ तथा प्रदेशवाट सन्चालित ठुला प्रकृतिका र वहुवर्षे योजनाहरु समयमै समपन्न गर्ने ।

**उपस्थित गाउँसभाका सदस्यहरु**

- यस केराबारी गाउँपालिकाको छैठौ गाउँसभामा नीति तथा कार्यक्रम पेश गर्न पाउँदा म गौरवान्वित भएको छु।
- विगतमा स्थानीय निकाय लामो समयसम्म जनप्रतिनिधि विहिन वनेको र जनताको लामो सङ्घर्षपछि प्राप्त संविधान बमोजिम बनेको स्थानिय सरकार सन्चालन गर्न पाउँदा हामी सवै स्थानीय विकास र सेवा प्रवाहमा अभ्यस्त छौँ। हामीले लामो समयसम्म टुटेको जनता र सरकारविचको सम्वन्धलाई जोड्ने अवसर पायौँ, राज्यको नयाँ संरचना र नयाँ अभ्यास भएकोले हाम्रा कतिपय अभ्यासहरु सिकाइकै रुपमा रहे तर पनि जनताको साथ सवैको धैर्यताको सम्मान गर्नै पर्दछ ।
- यो स्थानीय सरकार केराबारी गाउँ वासिको विस्वास र अपेक्षाको उपलब्धि हो । यो सरकार गाउँपालिकाका जनताको सेवा, सुरक्षा, समृद्धि र सुखका लागि गाउँवासिले वनाएको सरकार हो ।
- लोकतन्त्र प्रतिको पूर्ण प्रतिवद्धता, सुशासन, गाउँवासिहरुप्रति उत्तरदायि प्रशासनिक संरचना, भ्रस्टाचार मुक्त सभ्य र सुसंस्कृत एवम कर्तव्यप्रति दृढ समाज यस सरकारका आदर्श हुनेछन ।

- समानता र न्यायको पक्षपोषण गर्दै सवै प्रकारका भेदभाव र अन्यायहरुको अन्त्य, न्यायको प्राप्ति र सवैका लागि समृद्धि हाम्रो नीति हुनेछ।
- यस गाउँपालिकाले गाउँपालिका भित्रको जातिय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतालाई आत्मसात गरि सामाजिक एवम सांस्कृतिक समानता र सिहष्णुता र सद्भावका आधारमा गाउँपालिकाभित्रको एकता मजवुत वनाउने नीति लिइने छ ।
- प्रगतिशिल कर प्रणालीको माध्यमवाट सवै प्रकारका उद्योग व्यवसाय घरजग्गा सम्पतिलाई करको दायरामा ल्याइनेछ । नागरिकहरुलाई करको महत्व एवं उदेश्यवारे सचेत गराई गाउँपालिकाको आन्तरिक आम्दानी बृद्धी गरिनेछ ।
- क्रमागत योजनालाई पहिलो प्राथमिकतामा राखि गाँउपालिका केन्द्रबाट वडासम्म सडक सञ्जाल निर्माण गरिनुका साथै भएका सडकहरुको स्तरोन्नती र कालोपत्र निर्माणमा जोड दिइनेछ ।
- प्रोजेक्ट वैङ्क स्थापना गरि प्राप्त आयोजनाहरुको प्राथमिकता निर्धारण गरेर संघ तथा प्रदेशमा पठाउने व्यवस्था गरिने छ ।
- रु २० लाख सम्मका श्रममुलक योजनाहरु प्रत्यक्ष लाभग्राही उपभोक्ता समितिको अनिवार्य १० प्रतिशत नगद लागत सहभागिता जुट्ने अवस्थामा मात्र उपभोक्ता समितिवाट सन्चालन गर्ने निति लिइनेछ, साथै समपुरक कोषको योजना अन्तरगत उपभोक्ताको अनिवार्य ३० प्रतिशत हिस्सा योगदान हुनु पर्नेछ । विशेष अबस्थामा कार्यपालिकाले थप निर्णय गर्न सक्नेछ ।
- अव्यवस्थित तथा सुकुम्बासी बसोबास लगायतका समस्या समाधान गर्न संविधान, ऐन कानुनमा व्यवस्था भए वमोजिम आवश्यक व्यवस्थापनमा जोड दिईने छ ।
- सामाजिक समावेशिकरण नीति अन्तर्गत लक्षित समुहका महिला, बालबालिका, दलित, अपाङ्गता, जेष्ठ नागरीक एंव पिछडा वर्गको पेशागत विकास तथा शसक्तिकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- आ.ब. २०७७/०७८ मा किसानहरुको बर्गिकरण गरि किसानहरुलाई परिचय पत्र को व्यावस्था, कृषि कार्यको अनिवार्य बिमा, कृषकहरुलाई क्षमता अभिबृद्धीका लागी तालिम तथा भ्रमण, आधुनिक कृषि औजार उपकरणमा अनुदान, सहुलियत कृषि ऋणको व्यावस्था, सहज रुपमा कृषि सामाग्रीहरुको आपुर्ति तथा उत्पादित कृषि उपजको बजारको सुनिस्चितताका लागी आवाश्यक संयन्त्रको विकास, रोग किरा नियन्त्रणका लागी बिशेष कार्यक्रम जस्ता कार्य गरिने छ ।
- दिगो भु-ब्यावस्थापनका लागी भु-उपयोग कार्यक्रम ल्याई बाँझो जमिन राख्न तथा खण्डिकरण गर्न निरुत्साहन गरिने छ । गह्रा सुधार गर्न प्रोत्साहन गर्ने कार्यक्रम ल्याईने छ, हावापानि तथा भुगोल अनुसारका बालि बिरुवा लगाउन प्रोत्साहन गर्ने साथै एक घर दुई फलफुल को वोटको नीति लिइनेछ, हारहार खेती पद्दतीलाई कृषि परिवर्तनको आधारको रुपमा लिई सोही अनुसार काम गर्न अभिप्रेरणा गरिने छ । अर्गानिक खेतीलाई प्रोत्साहन गर्न बैकल्पिक मल तथा बिषाधिको घरमै प्रवन्ध मिलाउन किसानहरुको क्षमता बढाईने छ ।
- कृषि जन्य बस्तुको मुल्य श्रृङ्खलामा सहकारि संस्थालाई परिचालन गरिने छ साथै सहकारीहरुको नियमन गर्ने प्रणालिको विकास गरिने छ भने सहकारीहरुको क्षमता अभिबृद्धी सग सम्बन्धीत कार्यक्रम ल्याईने छ ।

- पशुपालनमा गाईपालन, पाडापाडी पालन, बाख्रापालन , बङ्गुर पालन कार्यक्रमलाई जोड दिईने छ । पशु पक्षी पालन प्रवर्दन गर्न अनुदानको व्यावस्था, प्राविधिक सेवामा सहजता, महामारी रोग नियन्त्रण, पशु पोषणका लागी घाँस खेती को बिस्तार, दुग्ध चिस्यान केन्द्रको लागी सहयोग , जनचेतना तथा तालिमका कार्यक्रम संचालन जस्ता कार्यक्रम गरिने छ ।
- कृषि, पशुपालन, वन तथा वातावरणका क्षेत्रमा उत्पादन वृद्धि, आयस्तरमा सुधार तथा स्वरोजगार सृजना हुने कार्यक्रमहरु अगाडि बढाइनेछ ।
- लैंगिक नीति निर्माण गरी लैङ्गिक समानता सुनिश्चितता गरिने छ ।
- पर्यटन पर्वद्धनका लागि पर्यटकिय क्षेत्रको गुरुयोजना बनाई आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षण गन्तब्यको रुपमा विकास गरिनेछ ।
- याङ्शिलाको चिउरी भन्ज्याङ्गलाई सालक एवंम जैविक विविधता संरक्षण क्षेत्रको रुपमा स्थापित गराईनेछ ।
- स्थानीय तहका हरेक क्षेत्रमा पारदर्शी र सुशासनको प्रत्याभुति दिलाउन सुचना प्रणालीको उचित कार्यान्वयन गरीनेछ ।
- समय अनुकुल शिक्षा प्रणालीमा बालमैत्री शिक्षण सिकाइ र गुणस्तर वृद्धि गर्न विशेष ध्यान दिईने छ ।
- "अर्थपूर्ण बाल सहभागिता, बालमैत्री स्थानीय शासन हाम्रो प्रतिबद्धता" भन्ने मुल नाराका साथ प्रत्येक वडालाई बालमैत्री बनाईनेछ ।
- चुरे क्षेत्रबाट बहने नदिनालाहरुको संरक्षण, भुक्षय रोकथाम, बाढी नियन्त्रण र दिगो सिँचाई व्यवस्थापनका लागि पानीका मुहान संरक्षण एंव खोलानालाहरुको गुरुयोजना निर्माण र कार्यन्वयनमा जोड दिईनेछ ।
- खेलकुद विकासको लागि दिर्घकालिन रुपमा अगाडी बढाउन पूर्वधार एंव सँस्थागत विकास गरिनेछ ।
- स्वच्छ खानेपानीको पहुँच अभिबृद्धीका लागि उपभोक्ता समितिहरु एकिकृत गरी रणनीतिक योजनाका साथ दिर्घकालीन स्रोत व्यबस्थापनमा ध्यान पुर्याइने छ ।
- गाउंपालिकाको रणनीतिक योजनाबद्ध रुपले श्रोत साधनको उचित संकलन र परिचालन गरिने छ ।
- गाउँपालिका क्षेत्रमा सञ्चालित योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागी अनुगमन तथा मुल्यांकन प्रणालीलाई सशक्त बनाईनेछ ।
- बिषालु सर्पको उच्च जोखिम रहेको यस क्षेत्रमा सर्पदम्स उपचार सेवा केन्द्र प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- गम्भिर प्रकृतीका रोग एवं आगलागी तथा अति विपदमा परेका व्यक्तिहरुलाई राहत प्रदान गर्न विशेष ध्यान दिईने छ ।
- निर्धारित मापदण्ड अनुसार भवन निर्माण आचार संहिता लागु गरिने छ ।
- प्राकृतिक प्रकोप तथा विपदवाट हुन सक्ने क्षतीलाई न्युनिकरण गर्न विपद व्यवस्थापन कोष परिचालन गरिनेछ ।
- जडिबुटी उत्पादन लगायत अन्य विकास निर्माणका कार्यमा सामुदायिक वन उपभोक्ता समितिहरुलाई विकास साझेदारको रुपमा अघि बढाइनेछ ।
- चुरे क्षेत्रको संरक्षण तथा विकासका साथै नदिजन्य पदार्थ आई.ई.ई भएका खोलाक्षेत्र बाहेक उत्खनन तथा घाटगद्दी गर्न रोक लगाईनेछ ।
- आ.व. २०७७/७८ का लागि खोलानाला उत्खनन तथा विक्रीलाई वैज्ञानिक, भु-वनोट, उपयुक्तता एवं आवश्यकताका आधारमा गर्नका लागि IEE गरिने छ ।

**पूर्वाधार विकासका नीतिहरु :**

क. **सडक**

१. क्रमागत योजनालाई पहिलो प्राथमिकता दिईनेछ ।

२. मुल सडकलाइ कालोपत्रे गर्ने र शाखा सडकहरुको स्तरोन्नति गर्न उच्च प्राथमिकताका साथ काम गरिनेछ साथै निर्माण सम्पन्न भएका सडकहरुको अनिवार्य लगत कट्टा गरिनेछ र आगामि दिनमा सडक निर्माण गर्नुअगावै जग्गाको लगत कट्टा गरिनेछ ।

३. गाउँपालिका भित्रका ठुला प्रकृतिका पुर्वाधार आयोजनाहरुको अनिवार्य डि.पि.आर. गरिनेछ ।

४. वडा र गाउँपालिका केन्द्र जोड्ने सडक सञ्जाललाई प्राथमिकता दिईनेछ ।

५. ढल निकास सहितको सडक पूर्वाधारमा जोड दिईनेछ ।

६. सडक मापदण्ड कार्यान्वयनमा जोड दिईनेछ ।

७. सडक संरचना नपुगेको क्षेत्रमा ट्र्याक ओपन तथा झोलुङ्गे पुल निर्माणमा जोड दिईनेछ ।

८. ठुला तथा मझौला पुलपुलेसा निर्माणका लागि प्रदेश/केन्द्र सरकारसँग समन्वय/पहल गरिनेछ।

**ख. सिंचाई :**

१. सिंचाईको दिगो व्यवस्थापनका लागि उपभोक्तासँग साझेदारी नीति अवलम्वन गरिनेछ।

२. एकिकृत सिंचाई प्रणालीमा जोड दिईनेछ।

३. कृषि सिचाई विस्तार गरी उत्पादन र उत्पादकत्व वढाईनेछ ।

४. वैकल्पिक सिंचाई प्रणाली तथा जलाशय संरक्षणमा जोड दिईनेछ ।

५. ठुला सिंचाई निर्माणका लागि प्रदेश र केन्द्र सरकारसँग समन्वय तथा पहल गरिनेछ ।

६. ठुला तथा मझौला खोलानालाहरुको गुरुयोजना तयार गरिनेछ ।

**ग. भवन तथा शहरी विकास :**

१. केराबारी अस्पतालका लागि आवस्यक जग्गा व्यवस्थापन / खरिद गरिनेछ ।

२. नेपाल सरकारवाट जारी भवन निर्माण आचारसंहिता कार्यबिधि बनाई कार्यान्वयन गरिनेछ ।

३. क्रमागत रुपमा वडा कार्यालय भवन निर्माणलाइ निरन्तरता दिईनेछ ।

४. भु-उपयोग नीति अनुरुप सरकारी, ऐलानी, प्रति सार्बजनिक जग्गा संरक्षण तथा उपभोग गरिनेछ ।

५. सार्वजनिक सम्पतिको पहिचान गरि त्यस्तो सम्पतिको दुरुपयोग तथा अतिक्रमणलाइ निरुत्साहित गरिनेछ साथै प्रयोगमा नआएका र अलपत्र अवस्थामा रहेका संरचनाहरुको संरक्षण तथा जिर्णोद्वार गरि प्रयोगमा ल्याउने निति अवलम्वन गरिनेछ ।

६. सुरक्षा व्यवस्था लाइ प्रभावकारी वनाउन आवश्यकताका आधारमा अस्थाइ प्रहरी चौकीको स्थापनाका लागि पहल गरिनेछ ।

७. गाउँपालिकाको पुन नक्साङकनका लागि प्रक्रिया अगाडि वढाइनेछ ।

**घ. उर्जा :**

१. सवै जनताको घर –घरमा विद्युतको पहुच पुर्याउन विद्युत विस्तार अभियान सन्चालन गरिनेछ ।

२. बैकल्पिक उर्जालाई प्रोत्साहन गरिनेछ ।

३. ग्रामिण बिधुतीकरणको विस्तार गरिनेछ।

४. सडक सौर्य वत्ती जडान कार्यलाइ निरन्तरता दिइनेछ ।

**ङ. सञ्चार :**

१. गाउँपालिका भित्र सबै वडामा आधारभुत सञ्चार सुबिधा पुर्याउन साथै सवै जनतामा सन्चारको पहुँच स्थापित गर्न टेलिफोन टावरको विस्तार गर्न पहल गरिनेछ ।

२. सेवाग्राहीहरुलाइ अधिकतम सूचना प्रवाह गर्न LED सहितको Digital Display स्थापना गरिनेछ ।

३. गांउँपालिकाका तथ्याङ्कहरु संचित गर्न आफ्नै Cloud service तथा Server space व्यवस्थापन गर्न पहल गरिनेछ ।

४. वेभमा आधारित राजश्व व्यवस्थापन प्रणालि अवलम्वन गर्दै लगिनेछ ।

५. विधुतिय शुसासनमा जोड दिईनेछ ।

**च. खानेपानी :**

१. छरिएका टुक्रे योजना एकिकृत तथा दिर्घकालिन व्यवस्थापन गरीनेछ ।

२. सुरक्षित खानेपानीका लागि एक घर एक धारा नीति अवलम्वन गरीनेछ ।

३. खानेपानी मुहान संरक्षण तथा भुमिगत खानेपानी योजनालाई प्राथमिकता दिईनेछ ।

**छ. पर्यटन :**

१. पर्यटन पूर्वाधार विकासमा जोड गरीनेछ ।

२. कला संस्कृती झल्कने संग्राहलयको संरक्षण तथा प्रबर्द्धन गरिनेछ ।

३. यस गाउँपालिकालाइ पुर्वी तराइको पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न वृहत पर्यटकिय गुरुयोजना तयार गरिनेछ ।

## सामाजिक विकास संवन्धि नीति

**क. शिक्षा :**

१. शिक्षालाइ सूचना सञ्चार प्रविधिसँग आवद्ध गर्दै गुणस्तरिय शिक्षाको प्रवर्दन गर्ने।

२. प्राविधिक शिक्षाको विकास र विस्तार गरी रोजगारमुलक शिक्षामा जोड दिने ।

३. न्यून पारिश्रमिकमा काम गरिरहेका प्रारम्भिक बालविकास केन्द्रका सहयोगि कार्यकर्ता र विद्यालयका कर्मचारीहरुलाइ प्रोत्साहित गर्दे शिक्षा विकासको जग मानिने वालकक्षाको शैक्षिक र भौतिक व्यवस्थापनलाइ सुदृढ वनाउने,

४. उच्च शिक्षालाइ थप व्यवस्थित र प्रभावकारी रुपमा सन्चालन गर्न आवश्यक प्रवन्ध गर्ने ।

५. कार्य सम्पादन र निर्धारित सूचकहरुको आधारमा शैक्षिक क्षेत्रमा कार्यरत जनशक्तिहरुलाइ पुरस्कृत र दन्डित गर्ने नीति अवलम्वन गर्ने ।

६. न्यून दरवन्दी भएका, विद्यार्थी संख्या धेरै भएका, अंग्रर्जी माध्यमवाट पठन पाठन गर्ने सामुदायिक विद्यालयहरुलाइ क्रमिक रुपमा अनुदान प्रदान गर्दै जाने।
७. शैक्षिक संस्थाहरुलाइ शान्ति क्षेत्रको रुपमा विकास गर्न शैक्षिक गतिविधिहरुलाइ वाधा पुग्ने कुनै पनि प्रकारका अवान्छित गतिविधिहरु हुन नदिने ।
८. विद्यार्थी संख्या कम भएका, एक आपसमा भौगोलिक रुपमा नजिक रहेका विद्यालयहरु लाइ विद्यालय नंक्साङकन र संभाव्यता अध्ययनको आधारमा कक्षा वा तह घटाउने, विद्यालयहरु एक आपसमा समायोजन गर्दै ठूला विद्यालयको स्थापना र विकासमा जोड दिने साथै उच्च पहाडी क्षेत्रमा आवाशीय विद्यालय स्थापनाको लागि आवश्यक पहल गर्ने ।
९. स्थानीय भाषा संरक्षण र प्रवर्दनका लागि स्थानिय भाषामा पाठ्यक्रम प्रकाशन गरिनेछ ।
१०. अभिभावक सचेतना कार्सयाक्रम सन्चालन गरिनेछ ।
११. कोभिड १९ लाइ रोकथाम न्युनिकरण गरि विद्यालयमा वैकल्पिक शिक्षा प्रणालिको अवलम्वन गरिनेछ ।

**ख. स्वास्थ्य**

१. स्वास्थ्य पूर्वाधार नभएका वडाहरुमा स्वास्थ्य ईकाइहरुमा जग्गा व्यवस्थापन गरी भवन निर्माण प्रारम्भ गर्न जोड दिइनेछ ।
२. केराबारी स्वास्थ्य चौकीमा एम.वि.वि.एस. डाक्टरवाट जनतालाई स्वास्थ्य सेवा उपलब्ध गराउन थालिएको र आगामि आ.व. मा यसलाइ निरन्तरता दिदै साझेदारीमा यन्त्र उपकरण व्यवस्था गरी आधारभुत स्वास्थ्य सेवामा जनताको पहुँच अभिबृद्धी गरिनेछ साथै स्वास्थ्य विमा कार्याक्रमलाइ निरन्तरता दिइ प्रभावकारि रुपमा लागु गरिनेछ ।
३. दश वटै वडाका स्वास्थ्य ईकाइ हरुलाई थप सुदृढ र व्यवस्थित बनाइनेछ । करार सेवामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई आ.व. २०७७/०७८ मा पनि निरन्तरता दिइनेछ ।
४. कोरोना नियन्त्रणमा अग्रपंतीमा खटिएका स्वास्थ्यकर्मि/ कर्मचारी/ जनप्रतिनिधि हरुलाइ थप प्रोत्साहनको व्यवस्था गरिनेछ साथै विमा पनि गर्ने कार्याक्रम ल्याइनेछ ।
५. कोरोना नियन्त्रण, रोकथामका लागि उपचारात्मक, प्रवर्दनात्मक र निदानात्मक कार्याक्रमहर सन्चालन गरिनेछ यसका लागि वडागत तथा पालिकास्तरिय कोरोना संवन्धि पुर्वतयारी तथा प्रतिकार्य समन्वय समितिलाइ सक्रिय वनाइनेछ ।
६. महामारी रोग नियन्त्रणका लागि आवश्यक पर्ने औषधि तथा उपकरणहरु तयारी अवस्थामा राख्ने व्यवस्था गरिनेछ ।
७. प्रदेश सरकार, गाउँपालिका र करुणा फाउन्डेसनको त्रिपक्षिय सहकार्यमा समावेशि विकास कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
८. महिला स्वास्थ्य स्वयम सेविकाहरुको भुमिकालाइ कदर गर्दै हाल दिइदै आएको सुविधालाइ निरन्तरता दिने नीति लिइएको छ ।
९. केराबारी स्वास्थ्य चौकीलाइ अस्पतालको रुपमा स्तरोन्नति गरिनेछ यसका लागि आवश्यक जग्गाको व्यवस्था गरिनेछ ।

## ग. लैङ्गिक समानता, सामाजिक सुरक्षा र समावेशिकरण संवन्धी नीति

१. महिला समूह सशक्तिकरण तथा विउ पुँजि वितरण गर्ने नीति लिइनेछ । महिला सशक्तिकरणलाई मूल प्रवाहिकरण गर्न हिंसाजन्य गतिविधीमा नियन्त्रण गरिनेछ ।

२. लैङ्गिक हिंसा विरुद्धका कार्यक्रमहरु साझेदरीमा अघि अघि बढाईनेछ ।

३. महिलाद्धारा ब्यवस्थित गरिएको सहकारी संस्थालाई थप प्राथमिकताका साथ अघि बढाइनेछ ।

४. विपन्न एकल महिलाहरुलाई सीपमुलक तथा व्यवसायिक तालिमको आवश्यक प्रवन्ध मिलाइनेछ ।

५. लैङ्गिक हिंसा न्युनिकरणका लागि वडागत रुपमा संयन्त्र निर्माण गरि कार्यमुलक वनाइनेछ, लैङगिक उत्तरदायी वजेट तथा कार्याक्रम तर्जुमा गरिने, हिंसाजन्य गतिविधि निरुत्साहित गर्नका लागि आकस्मिक कोषको व्यवस्था गरिनेछ ।

६. न्युन आर्थिक अवस्था भएका महिलाहरुको जिवनस्तर उकास्नका लागि आय आर्जनमुलक कार्याक्रमहरु सन्चालन गरिनेछ ।

७. महिलाहरुका लागि लक्षित गरेर मनोसामाजिक विमर्श केन्द्रको स्थापना गर्न पहल गरिनेछ।

८. महिला शसक्तिकरणका लागि चेतनामुलक तथा व्यवसायिक र  सीपममुलक तालिमको व्वस्था मिलाइनेछ ।

९. महिलाहरुको लैङगिक संवेदनशिलता लाई ध्याँन दिदै महामारी जन्य परिस्थिति सँग जुध्नका लागि क्षमता विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

१०. जातिय विभेद साथै दलिद र गैरदलिद विचका खाडल क्रमश अन्त्य गर्दै लैजान सचेतनामुलक कार्याक्रमहरु सन्चालन गरिनेछ  ।

११. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता अनलाइन प्रणालीलाइ सुद्ढिकरण गर्दै लगिनेछ । सवै वडाहरुवाट अनिवार्य रुपमा अनलाइन प्रणालीका व्यक्तिगत घटना दर्ता प्रमाण-पत्र जारी गरिनेछ । सामाजिक सुरक्षा भत्ता पाउने नागरिकहरुको विवरण अध्यावधि गर्दै फोटो सहितको पूर्ण विवरण अनलाइन प्रणाली प्रविष्टि भईरहेकाले सो कार्यलाई निरन्तरता दिई सम्पन्न गरीनेछ  ।

१२. बालबालिका हरुको पहिलो अधिकार  "जन्म दर्ता" लाई अभियानको रुपमा पालिकाको सबै वडाहरुमा क्रमश: संचालन गरिने छ ।

१३. सहिद परिवार तथा अपांगता भएका हरुलाई व्यवसायिक प्रयोजनका लागि विउ पुँजि वितरण गर्ने नीति लिइनेछ ।

१४. सहिद परिवारका सदस्य हरुलाई आर्थिक सहायता प्रदान गरिनेछ ।

१५. अपांगता भएका हरुका लागि सहायक सामग्री वितरण गर्ने कार्याक्रम ल्याइनेछ।

१६. अपांगता भएका व्यक्तिहरुका लागि अपांगतामैत्री सार्वजनिक सौचालय निर्माण कार्यलाइ जोड दिइनेछ ।

१७. सुरक्षित मातृत्व र प्रजनन स्वास्थमा जोड दिईनेछ ।

१८. गाउँपालिकामा वन्ने नया सार्वजनिक संरचनाहरु क्रमस अपांगमैत्री वनाउँदै लगिनेछ ।

१९. बालमैत्रि तथा महिला मैत्रि गाउँपालिका निर्माणका लागि पहल गरिनेछ ।

२०. बाल श्रम अन्त्यका लागि आवश्यक कार्य गरीनेछ ।

२१. ८० वर्ष पुगेका जेष्ठ नागरिकहरुलाइ सम्मान गर्ने कार्यक्रम ल्याइनेछ ।

## घ. आर्थिक विकास संवन्धी नीति

### क. कृषि :

१०. किसानहरु लाई सहज रुपमा कृषि सामाग्रीहरु उपलब्ध गराउन तथा किसानहरुले उत्पादन गरेका बस्तुहरु खरिद गरि बजार सम्म पुर्याउनका लागी केरावारी गाँउपालिकाका विभिन्न वडाहरुमा स्थानिय सहकारीहरु , कृषक समुह, पकेट संचालक समिति , कृषि फर्म हरुको समन्वयमा कृषि सामाग्री आपुर्ती र संघ तथा प्रदेश सरकारको साझेदारीमा कृषि उपज संकलन तथा भन्डारण केन्द्र स्थापना गरिने छ ।

११. १० वटै वडाहरुमा संभावित फलफुल तथा तरकारी तथा संभावित कृषि उपजको किसानहरुको लागत साझेदारीमा आधुनिक प्रविधि युक्त नमुना कृषि फार्मको स्थापना गरिने छ ।

१२. केरावारी बजारमा रहेको साप्ताहिक हाटलाई चिस्यान केन्द्र सहितको संकलन केन्द्रको रुपमा विकास गरिनेछ ।

१३. खाध्य सुरक्षाका लागी खाध्य बालीहरुको उत्पादनलाई जोड दिईने छ । बढि उत्पादन दिने बाली नालीको बिउ बिजन को प्रयोग गर्न उत्प्रेरणा गरिने छ ।

१४. सिचाई प्रणालिमा सुधार गर्ने साना सिचाई , थोपा सिचाई, प्लाष्टीक पोखरी जस्ता कार्यक्रम ल्याउने, प्रविधि युक्त नमुना कृषि फार्म स्थापना, आधुनिक नर्शरीहरुको स्थापना, कृषि प्राविधिक सेवालाई सरल पुर्याउन कृषि प्राविधिकहरुको व्यावस्था मिलाईने छ , बढि उत्पादन दिने बालि बिरुवालाई लगाउन प्रोत्साहन गरिने छ ।

१५. किसान र कृषि प्राविधिक को दुरी घटाउदै कृषि प्रशारका कार्यक्रम घर दैलो सम्म पुर्याउन दरवन्दी बमोजिम पदपुर्ती नहुन्जेल सम्म कृषि प्राविधिकहरु करारमा भर्ना गरिने छ ।

१६. तरकारी तथा फलफुलका बिरुवामा आत्मानिर्भर तथा गुणस्तरिय विरुवा उत्पादनका लागी पहाडी क्षेत्रमा १ र तराई क्षेत्रमा १ प्रविधियुक्त नर्शरीको स्थापना गरिनेछ ।

१७. मौरी ,च्याँउ, चिया , कफि, अदुवा, अलैचि जस्ता नगदे बालिको प्रोत्साहन तथा प्रवर्दन गरिने कार्यक्रम ल्याईने छ ।

१८. सिचाई प्रणालिमा सुधार ल्याई व्यावसायीक क्षेत्रमा बाह्रै महिना सिचाईको सुबिधा पुर्याउन साना सिचाई , थोपा सिचाई, प्लाष्टीक पोखरी जस्ता कार्यक्रमलाई ब्यापकता दिईनेछ ।

१९. कृषि कार्यक्रममा संलग्न हुने किसानहरु लाई अनिवार्य रुपमा हारहार खेती प्रणालि अवलम्बन गरिनु पर्ने व्यावस्था लागु गरिने छ ।

२०. कृषि योग्य जमिनको खण्डिकरण गर्न निरुत्साहन गरिने छ । कृषि योग्य भुमिको कित्ताकाट गर्न सिफारिस दिईने छैन ।

२१. पहाडी भु-भागमा स-साना गरा भएको कारण कृषिमा यान्त्रिकिकरणको प्रयोग गर्न अत्यन्तै कठिन भएकाले यस्ता क्षेत्रमा ब्यावसायिक कृषिको संभावना भएमा गह्रा सुधार कार्यक्रम ल्याईने छ ।

२२. कृषि यान्त्रिकिकरणका लागी आवश्यक उपकरणमा किसानरुको लागत साझेदारी हुने गरी अनुदानको व्यावस्था मिलाईने छ ।

२३. दिगो भु-ब्यावस्थापनका लागी भु उपयोग कार्यक्रम ल्याईने छ । बाँझो जमिन राख्न निरुत्साहन गरिने र स्थानिय हावापानी अनुसारका लाभदायक बाली बिरुवा अनिवार्य लगाउनु पर्ने व्यावस्था गरिने छ ।

२४. ग्रिन केरावारी क्लिन केरावारी भन्ने नाराका साथ १ घर २ फलफुल अनिवार्य रोप्नु पर्ने व्यावस्था मिलाईने छ ।

२५. मौरी तथा मौरी जन्य उधोग स्थापना गर्न आवाश्यक सहयोग गरिने छ। स्थानिय सामुदायिक बन उपभोक्ता समितिहरु को समन्वयमा मौरीको चरन बिस्तार कार्यक्रम संचालन गरिने छ ।

२६. च्याँउ खेती कार्यक्रम लाई प्रोत्साहन गरिने छ । च्याउको बिउ उत्पादन सहितको च्याउ फार्म स्थापना गर्ने किसान तथा फर्म लाई विशेष अनुदानको व्यावस्था मिलाईने छ ।

२७. कृषकहरुको परिभाषा गरी परिचयको आधारमा वित्तिय उत्प्रेरणा, उत्पादनमा आधारित प्रोत्साहन तथा संरक्षणका कार्यक्रममा सहभागी गराईने छ ।

२८. व्यावसायीक प्रयोजनका लागी स्थापना गरिएका फार्म केन्द्र हरुले अनिवार्य कृषि बिमा गर्नु पर्ने कार्यक्रम लागु गरिने छ ।

२९. कृषकहरुको लागी छोटो अवधी तथा लामो अवधीका कृषि तालिमहरु संचालन गरिने छन ।

३०. ब्यापक रुपमा देखिएको अमेरिकन फौजी किरा नियन्त्रणका लागी विशेष कार्यक्रम ल्याईने छ साथै कृषि बिपद ब्यावस्थापन का लागी आवाश्यक रकमको ब्यवस्थापन गरिने छ ।

३१. कृषक समुह, कृषि सहकारी, कृषि उधमी तथा अगुवा कृषकहरु बिच नियमित संवादका लागी प्रतेक २ महिनामा १ पटक नियमित बैठक राखिने छ ।

३२. केरावारी गाँउपालिकाको पहिचानका रुपमा जोडिएको केरा बालीको खेती कार्यक्रमलाई उच्च प्राथामिकत दिईने छ । व्यासायिक केरा खेती गर्न चाहने किसानहरु लाई निशुल्क बिरुवा, प्राविधिक सहयोग तथा यन्त्र उपकरणमा सहुलियतमा दिईने छ ।

### ख. पशु/पंक्षी विकास :

१. उन्नत नश्ल सुधार, घाँसका विउविजन, औषधी वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२. यूवा लक्षित गाईपालन, वाख्रापालन, वंगुर तथा कुखुरा फर्म सुदृढिकरणमा विशेष जोड दिइने छ ।

### ग. उधोग तथा बाणिज्य :

१. कृषि वजार संकलन केन्द्र तथा पशु चौपाया बिक्री बजार केन्द्र ब्यवस्थित गरीनेछ ।

२. स्थानीय उधोगधन्दा तथा ब्यापारलाई प्रबर्द्धन गरीनेछ ।

३. गाउँपालिकाको आर्थिक विकासमा निजी, सहकारी र सरकारी क्षेत्रलाई सागसँगै जाने वातावरण श्रृजना गरि लागत सहभागिताका आधारमा सन्चालन गरिने कार्याक्रमहरुलाइ प्रोत्साहन गरिनेछ।

४. लघु उद्यम विकासमा जोड दिइनुका साथै उद्यमिहरुलाइ रोजगारिका अवसरहरु श्रृजना गर्न प्रोत्साहन गरिनेछ ।

### घ. खानेपानी तथा सरसफाई :

१. स्वच्छ खानेपानीको दिगो व्यवस्थापनका लागि जोड दिईनेछ ।

२. फोहरमैला ब्यबस्थापनका लागि डम्पीङ साईट पहिचान गरी स्वच्छ र सफा गाउँपालिका निर्माणमा विशेष ध्यान दिईनेछ ।

३. साना शहरी खानेपानी आयोजना सन्चालनका लागि पहल गरिनेछ ।

४. केराबारी वजार क्षेत्रमा संघीय सरकारसँगको साझेदारीमा ढलनालाको दिगो व्यवस्थापन गरिनेछ ।

**ङ. पर्यटन :**

१. परम्परागत कला संस्कृतीको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन गरिनेछ ।

२. पर्यटन पुर्वाधार विकासमा जोड दिइनेछ ।

३. संघीय सरकार संगको साझेदारीमा जेफाले तथा तोपथुम्कीमा पर्यटकिय क्षेत्र पुर्वाधारको निर्माण गरिनेछ ।

४. पर्यटन सुचना केन्द्रको विकास तथा बिस्तार गरिनेछ ।

५. परम्परागत कला संस्कृतीको संरक्षण, सम्बर्द्धन तथा प्रबर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।

**च. वित्तिय तथा सहकारी**

१. आन्तरिक करका दायराहरु बृद्धी गर्दै लगिनेछ ।

२. गाउँपालिकामा प्राप्त हुने श्रोत साधनहरुलाई प्राथमिकताका आधारमा परिचालन गरिनेछ ।

१. राजश्व संकलनवाट गाउँपालिकालाई आत्मनिर्भर वनाउन करदाताहरुलाइ करदाता शिक्षा कार्याक्रम सन्चालन गरिनेछ ।

२. कर सप्ताह मनाउनुका साथै उत्कृस्ट करदातालाइ सम्मान गरिनेछ ।

३. प्रत्येक वडालाइ प्रतिस्पर्धात्मक रुपमा राजश्व सङकलन गर्न प्रोत्साहित गरिनेछ।

४. वैङक तथा वित्तिय क्षेत्रलाइ सहज ऋण परिचालनका लागि उपयुक्त वातावरणको श्रृजना गरिनेछ ।

५. कृषि जन्य बस्तुको मुल्य श्रृङ्खलामा सहकारि संस्थालाई परिचालन गरिने छ ।

६. सहकारी संस्थाहरु लाई उत्पादन संग जोड्न प्रोत्साहन गरिने छ । बस्तुको उत्पादन, प्रशोधन, भण्डारण, बजारिकरण र बिभिदिकरण गर्ने सहकारी लाई प्राविधिक सहयोग तथा अन्य विशेष ब्यावस्था ल्याईने छ ।

७. सहकारीहरुको सन्तुलित विवरण सुनिश्चित गरी प्रभावकारी सेवा प्रबाह गर्न आवाश्यक अनुसार एकिकरण तथा बिस्तार गरिने छ ।

८. सहकारी तथा गरिवि निवारण सम्बन्धी व्यावस्थापन सुचना प्रणाली(CoPoMIS) मा यस पालिकाका संपुर्ण सहकारी जोडिने छ । सोका लागी आवाश्यक तालिमको व्यावस्था गरिने छ ।

९. सहकारीको माध्यमवाट रोजगारीका अवसरहरु श्रृजना गर्न सहकारी मैत्रि नीति अवलम्वन गरिनेछ।

१०. स्थानीय सहकारी संस्थाहरुको एकिकरण तथा प्रबर्द्धन गरिनेछ।

११. सहकारीहरुको नियमित नियमन गरिने छ । सहकारीहरुको क्षमता अभिबृद्धि गर्न क्षमता विकास तालिम गोष्ठि सन्चालन गरिनेछ ।

**छ. नागरिकको आयआर्जन :**

१. स्थानीय उत्पादनमा आधारीत उधोगलाई प्रोत्साहन गरिनेछ ।

२. महिला तथा युवा स्वरोगारलाई जोड दिईनेछ ।

३. लघु उधम तथा सीप विकासका माध्यमवाट समृद्धिमा जोड दिईनेछ ।

**ज. श्रोत पहिचान :**

१. लागत साझेदारीमा जोड दिईनेछ ।

२. प्राकृतिक श्रोतको पहिचान, संरक्षण र उपयोगमा विशेष जोड दिईनेछ ।

**वातावरण तथा विपत व्यवस्थापन**

१. कोभिड १९ लाइ रोकथाम तथा नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२. विपदवाट क्षति भएका संरचनाहरुलाई पहिलो प्राथमिकतामा राखी योजना छनौट गरिनेछ ।

३. विपद जोखिम व्यवस्थापन गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

४. अध्यक्ष विपद तथा राहत कोषका लागि बजेट विनियोजन गरि पिडितहरुको तत्काल राहत तथा उद्दारका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

५. विपद पिडितहरुलाइ आवश्यकता हेरि तत्काल राहत प्रदान गर्नका लागि मापदन्ड निर्माण गरिनेछ ।

६. जल उत्पन्न प्रकोप नियन्त्रण गर्न वायो इन्जिनियरिङ प्रविधिवाट नदि, खोला किनारा संरक्षण गरिनेछ साथै रुख जोगाऔँ विरुवा रोपौँ भन्ने अभियान सन्चालन गरिनेछ ।

७. वडा नं ६, ९ र १० मा तारजालिको डिपो स्थापना गरिनेछ ।

८. गाउँपालिका तथा वडास्तरिय विपद व्यवस्थापन समितिलाइ विपद पुर्वतयारी तथा विपद प्रतिकार्यमा सक्रिय वनाइनेछ ।

९. विपद व्यवस्थापन कोषलाइ आवश्यकतानुसार एकिकृत गरि परिचालन गरिनेछ ।

१०. महामारी जन्य प्रकोप/ विपद् रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिकामा रहेको संयन्त्रलाइ तयारी अवस्थामा राखिनेछ ।

११. वन डढेलो तथा हात्ती आतङ्क न्युनिकरण र अवैध चोरी निकासी रोकथाम गर्न आवश्यक कार्याक्रमहरु सन्चालन गरिनेछ

१२. नदि उकास क्षेत्रमा वृक्षारोपण कार्याक्रम सन्चालन गरिनेछ ।

१३. सामुदायिक वनसँगको सहकार्यमा वन क्षेत्रभित्र साना तथा ठुःला पोखरी निर्माण गरिनेछ ।

१४. निजि वन विकासलाइ प्रोत्साहन गरिनेछ साथै निजि वन जोगाउन जथाभावि कटान गर्ने कार्यलाइ निरुत्साहित गर्ने नीति लिइनेछ ।

१५. फोहरमैला व्वस्थापनका लागि आवश्यक जग्गाको खोजी गरि ल्यान्डफिल्ड साइट निर्माणको कामलाइ अगाडि बढाइनेछ ।

१६. घरेलु फोहरलाइ व्यवस्थापन गर्न घरमा नै जैविक र अजैविक फोहोरको व्यवस्थापन गर्न आवश्यक कार्याक्रमहरु अगाडि वढाइने छ ।

१७. बजार, चौक र विद्यालयहरुमा डस्टविनको व्यवथा गरिनेछ ।

**संस्थागत क्षमता विकास , सेवा प्रवाह र सुशासन**

१. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यक सेवा प्रवाहसंग संवन्धित तालिम कार्यक्रमहरु सन्चालन गरिनेछ ।
२. कर्मचारी तथा जनप्रतिनिधिहरुलाइ विभिन्न स्थानिय तहहरुमा भएका नमुना अभ्यासको अध्ययन /अवलोकन भ्रमणका लागि पठाइनेछ ।
३. जनप्रतिनिधि र कर्मचारीहरुलाइ जनताप्रति उत्तरदायी वनाउनुका साथै जनताको प्रत्यक्ष अभिमत बुझ्न सार्बजनिक सुनुवाई कार्यक्रम सन्चालन गरिनेछ ।
४. कर्मचारीलाई कार्यसम्पादनमा आधारीत दण्ड र पुरस्कारको नीति अवलम्वन गरिनेछ ।
५. कर्मचारीहरुलाइ दिइदै आएको प्रोत्साहन सुविधालाइ निरन्तरता दिइनेछ ।
६. जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम संचालन गरीनेछ ।
७. डिजिटल डिस्प्ले मार्फत वडा तथा गाउँपालिकामा भइरहेका कार्यहरुको जानकारी गराईनेछ ।
८. सबै वडा कार्यालयमा इन्टरनेटको पहुँच पुऱ्याई बिधुतिय शुसासन कायम गरीनेछ ।
९. पुराना प्रशासनिक कागजातहरुलाइ डिजिटलाइजेसन गरिनेछ। पुराना अभिलेख संकलन गरि अभिलेखालय स्थापना गरिनेछ।
१०. गाउँपालिका तथा वडा कार्यालयमा नागरिक बडापत्रको ब्यबस्था गरिनेछ ।
११. गाउँपालिका भित्र रहेका सरकारी तथा गैरसरकारी संस्थाहरुको चौमासिक कार्यप्रगती पेश गर्ने सम्यन्त्र विकास गर्ने ।
१२. गुणस्तर र आपुर्ती सहजताका लागि मासिक रुपमा बजार अनुगमन गरिनेछ ।
१३. करदाता हरुलाइ जागरुक वनाउन करदाता मैत्री कार्याक्रम सन्चालन गरिनेछ ।
१४. राज्यले लिएको सन्निकत सेवा प्रवाहको निति कार्यान्वयन गर्न संविधानत वडाहरुलाइ दिएका अधिकारहरु प्रयोग गर्नका लागि वडामा रहेको संयन्त्रलाइ सवल वनाउँदै लगिनेछ ।
१५. नतिजामा आधारित योजना अनुगमन तथा मुल्याङ्कन प्रणाली अवलम्वन गरिनेछ ।
१६. गाउँपालिका सन्चालनका लागि संविधानको अनुसुचि-८, एकल अधिकार अन्तरगत आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, मापदन्ड, निर्देशिका जारि गरि कानुनीम शासनलाइ मुर्त रुप दिदै लगिनेछ।
१७. योजना तथा कार्याक्रमको भुक्तानी लिनु अघि सार्वजनिक परिक्षण, सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाइलाई प्रभावकारी रुपमा लागु गरिनेछ।
१८. किराना, खाद्यान्न तथा औसधिजन्य लगायतका सपुर्ण व्यवसायकोअनुगमन तथा नियमनलाइ प्रभावकारी रुपमा लागु गरिनेछ ।
१९. विना दर्ता तथा अवैधानिक रुपमा सन्चालित व्यवसायलाइ कानुनी दायरामा ल्याइनेछ ।

**आदरणीय उपस्थित महानुभावहरु,**

पन्ध्रौ योजनाले परिलक्षित गरेका उदेश्यहरु तथा दिगो विकासका लक्ष्यहरु हासिल गरी सन् २०३० सम्म नेपाललाई मध्यम स्तरिय आय भएको मुलुकमा स्तरोन्नती गर्ने राष्ट्रिय नीतिलाई मानक मानी केही केराबारी गाउँपालिकाका गौरबका योजनाका रुपमा ठूला प्रकृतीका आयोजनालाई क्रमागत योजनाहरु कालोपत्रे एवं मोटरेवल पुल निर्माणका लागि चालु आ.व. लाई आवश्यक रकम बिनियोजन गरिने छ । भौतिक पुर्वाधार आर्थीक विकास सामाजिक विकास गाउँपालिका स्तरवाट सञ्चालन हुने ठूला प्रकृतिका योजनामा आवश्यक वजेटको प्रवन्ध गरिने छ । प्रत्येक वडामा न्युनतम रु. ७२ लाखको सिलिङ तोकि पुर्वाधार विकासमा अनिवार्य ५५ प्रतिशत, सामाजिक विकासमा १० प्रतिशत, आर्थिक विकासमा २५ प्रतिशत, वातावरण एवं विपद व्यवस्थापनमा ५ प्रतिशत तथा संस्थागत विकास एवं सेवा प्रवाहमा २.५ प्रतिशत र वित्तिय ब्यबस्थापन तथा सुशासनमा २.५ प्रतिशत रकम वजेट व्यवस्थापन अनिवार्य गरीएको छ । वहुवर्षिय कार्यक्रम अन्तरगत बेलबारी देवीझोडा केराबारी सडक कालोपत्रे सम्पन्न भएको छ । लाङघाली चौक दक्षिण डाँगी सडक कालोपत्रे, मुगुखोला कालापानी सडक कालोपत्रे, हुरहुरे खोला पुल चालु आ.व.मा निर्माण सम्पन्न हुदैछ । कफि खेति, कागती पकेट क्षेत्र विस्तार एवं तरकारीका लागि प्रमुख आय आर्जनको रुपमा विकास गर्न आवश्यक वजेट विनियोजन गरिनेछ । आगलागी जस्ता विपदको पुर्व तयारीका लागी ३ लाख लिटर क्षमताको रिजर्भ ट्याङ्कि केराबारी ८ मा निर्माण कार्य सम्पन्न भईसकेको छ । विद्यालय क्षेत्रलाइ सुधार गर्न शिक्षक, विद्यार्थी, अभिभावक समेतको सहभागीतामा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । पर्यटन क्षेत्रको विस्तार एवं विकासका लागी सम्भाव्यता अध्ययन गरिनेछ । उल्लेखित कार्यक्रम मार्फत आगामी आ.व. मा यस गाउँपालिको मानव विकास सुचाङ्कमा यस गाउँपालिका लाइ १ नं. प्रदेशकै उत्कृष्ठ गाउँपालिका वनाउने लक्ष्य राखिएकोछ गाउँसभाका प्राथमिकताहरु देहाय वमोजिम रहेका छन –

१. वहुवर्षे योजनाहरु तथा रोजगारी वृद्धि हुने खालका योजना तथा कार्याक्रमहरुलाइ प्राथमिकता दिइनेछ।
२. कोभिड – १९ को महामारी नियन्त्रण तथा अन्य विपत व्यवस्थापनका लागि प्राथमिकता का साथ श्रोत छुट्याइनेछ ।
३. केराबारी गाउँपालिका वडा नं १० को हाल स्वास्थ्य चौकी रहेको ठाउमा पालिकास्तरीय अस्पताल निर्माण कार्यलाइ प्राथमिकता दिइनेछ ।
४. कृषिको आधुनिकिकरण, उत्पादन, संकलन, भन्डारण तथा वजारिकरण प्रणाली सहज वनाउन का लागि प्राथमिकता दिइनेछ ।
५. शिक्षालाइ गुणस्तरिय र पहुचयोग्य वनाउँदै प्रविधको प्रयोगलाइ प्राथमिकता दिइनेछ ।
६. पर्यटकिय स्थलको पहिचान र विकासमा प्राथमिकता दिइनेछ ।
७. सार्वजनिक, निजि, सहकारी साझेदारी मार्फत हुने योजना तथा कार्याक्रम लाइ प्राथमिता दिइनेछ ।
८. वडा कार्यालय तथा स्वास्थ्य चौकी भवन निर्माण लाइ प्राथमिकता दिइनेछ ।
९. सुशासन प्रवर्दन तथा गाउँपालिका सन्चालनका लागि आवश्यक पर्ने कानून निर्माणलाइ प्राथमिकता दिइनेछ ।
१०. लैङगिक समानता तथा समावेसिकरण लाई प्रवर्दन गर्ने खालका कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

अन्त्यमा, यस गाउँपालिकाको विकास र सम्बृद्धिमा निरन्तर सहयोग र सद्भाव राख्नु हुने आमनागरिक, करदाता, सरकारी एवं गैर-सरकारी तथा सामुदायिक संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसैगरी गाउँसभा तयारीको क्रममा अहोरात्र खटिएका यस कार्यालयका कर्मचारीहरु प्रति धन्यवाद दिन चाहन्छु । साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने अतिथि महानुभावहरुको अमुल्य राय सुझावका लागि समेत आभार व्यक्त गर्दै नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबैको रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।।।